नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७६/७७ -११
चलानी नं. : २०१

## प्रेश विज्ञप्ति

सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पूँजी बजारमा लगानीकर्ताको पहुँचलाई थप सहज, सरल तथा सर्व सुलभ बनाउन र पूँजी बजारको विकासमा महत्वपूर्ण भूमिका खेल्ने विभिन्न किसिमका नयाँ सेवा प्रदान गर्ने क्रमलाई निरन्तरता दिंदै यस लि. ले **मेरो शेयर** सफ्टवेयरलाई केही नयाँ सुविधाहरू थप गरि नयाँ प्रविधि तथा डिजाइनमा तयार गरेको छ। यस नयाँ सफ्टवेयरमा हालको मेरो शेयर सफ्टवेयरलाई स्तरोन्नती गरिएको तथा लगानीकर्तालाई आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागत प्रविष्टि गरि सो को भारित औसत गणना गर्ने व्यवस्था थप गरिएको व्यहोरा सहर्ष जानकारी गराउँछौं। हाल यो सफ्टवेयर परीक्षणकै क्रममा रहेको र सो परीक्षणका लागि वास्तविक प्रयोगकर्ताको समेत आवश्यकता रहेकोले सम्पूर्ण लगानीकर्तालाई यस लि. ले तयार पारेको मेरो शेयर सफ्टवेयरको नयाँ ठेगाना https://meroshare.cdsc.com.np:8443 मा गई यस सफ्टवेयरको प्रयोग गरि सहयोग गरिदिनुहुन यो सूचना जारी गरिएको छ।

लगानीकर्ताको वास्तविक प्रयोगकै आधारमा यस सफ्टवेयरको भार बहन क्षमता परीक्षण हुने तथा कुनै समस्या रहेको खण्डमा सो समेत पत्ता लाग्ने भएकोले सम्पूर्ण प्रयोगकर्ताहरूलाई यस सफ्टवेयरको भरपूर प्रयोग गरी सो मा देखिएका समस्याहरूको जानकारी यस लि. को इमेल ठेगाना info@cdsc.com.np तथा support@cdsc.com.np मा समस्याको स्क्रिनसट सहित गराईदिनुहुन हार्दिक अनुरोध गरिन्छ। साथै यस सफ्टवेयर हाल परीक्षणका लागि उपलब्ध गराईएकोले यस मार्फत गरिएका (EDIS, MY-ASBA, My Purchase Source, My Bank Request, Change Password) लगायतका कारोबारहरू वास्तविक नहुने तथा कुनै पनि समयमा उक्त कारोवारको विवरण यस लि. ले हटाउन वा परिवर्तन गर्न सक्ने व्यहोरा जानकारी गराईन्छ।

पुनश्च यस परीक्षणका क्रममा देखा पर्न सक्ने विभिन्न समस्याहरूलाई तत्काल समाधान गरि नयाँ सेवा सहितको **मेरो शेयर** यथा शीघ्र सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं।

मितिः२०७६/०५/१६

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np